# नि:शुल्क दोभाषे सेवा

## COVID-19 को कारण सेवामा परिवर्तन

COVID-19 को अवधिमा अङ्ग्रेजी भाषा कम बुझ्ने वा नबोल्ने मानिसहरूको लागि गुणस्तरीय दोभाषे सेवाहरूको प्रयोग महत्त्वपूर्ण हुन्छ।

मानिसहरूले उपलब्ध भएको ठाउँमा दोभाषे सेवाहरू प्रयोग गर्नुपर्छ।

**COVID-19 र यसका लक्षणहरू** बारे जान्नुहोस्।

## नि:शुल्क दोभाषे सेवा के हो?

नि:शुल्क दोभाषे सेवा तपाईंलाई उपलब्ध हुन्छ यदि तपाई:

- अष्ट्रेलियामा हुनु हुन्छ
- मेडिकेयर कार्ड छ; र
- अंग्रेजी भाषाको सीप न्यून छ

## म कसरी नि:शुल्क दोभाषे सेवा लिन सक्छु?

निम्न सेवा प्रदायकहरूले तपाईंको तर्फबाट नि:शुल्क दोभाषे सेवा पहुँच गर्न सक्छन्:

- निजी चिकित्सा स्वास्थ्यकर्मीहरू
- फार्मासिष्टहरू
- गैर-सरकारी संस्थाहरू
- रियल स्टेट एजेन्सीहरू
- स्थानीय सरकारी अधिकारीहरू, जस्तै स्थानीय काउन्सिलहरू
- युनियन; र
- सांसदहरू।

यी सेवाहरू बारे थप जानकारीको लागि **यहाँ** हेर्नुहोस्।

माथि उल्लेखित सेवा प्रदायकहरूले तपाईंले आफ्नै भाषामा जानकारी र सल्लाह प्राप्त भएको सुनिश्चित गर्न केही मिनेटमा नै फोन दोभाषेसँग जोडिदिन सक्छन्।

## दोभाषेहरू

अनुवादक तथा दोभाषेहरूको लागि राष्ट्रिय प्रत्यायन प्राधिकरण (NAATI) बाट मान्यता प्राप्त दोभाषेको प्रयोग गरिन्छ। दोभाषेहरूले दोभाषेको नैतिकता आचारसंहिता पालना गर्न बाध्य हुन्छन् जस अनुसार उनीहरूले निम्न ब्यवहार गर्नु आवश्यक छ:

- सही र इमान्दारीका साथ जानकारीको अनुवाद गर्ने
- गोपनीयता कायम राख्ने
- निष्पक्ष र उद्देश्यपूर्ण हुने; र
- हरेक समयमा एक पेशेवर तरिकाले व्यवहार गर्ने।
- नि शुल्क :दोभाषे सेवा नीति अन्तरगत उच्च मान्यता प्राप्त दोभाषेको प्रयोग गर्नु पर्ने हुन्छ। यस कारणले विशेष दोभाषेको लागि माग गर्न प्रोत्साहित गरिँदैन।

## नि:शुल्क दोभाषे सेवा (FIS) ले के-के सेवाहरू उपलब्ध गराउँछ ?

- तुरन्तै फोन मार्फत दोभाषे सेवा दिन्छ। यो सेवा अनियोजित दोभाषे सेवाको लागि सबैभन्दा उपयोगी छ र यसले निम्न सेवा प्रदान गर्दछ:
  - 1600 भन्दा बढी भाषाहरूमा 3000 भन्दा बढी दोभाषेहरू पहुँच हुने
  - दिनको 24 सै घण्टा हप्ताको 7 तै दिन दोभाषे सेवा
  - फोन गरेको केही मिनेटमा नै दोभाषेसँग जोडिने।
- पूर्व-नियोजित गरिएको फोन दोभाषे सेवा
  - यो योजनाबद्ध नियोजित दोभाषे सेवाको लागि उपयोगी छ वा यदि तपाईलाई कम उपयोग हुने-भाषाको दोभाषे अनुरोध गर्न आवश्यक छ भने।